**अनुसूची - ४**

(नियम २५ को उपनियम (१) सँग सम्बन्धित)

विशेष आर्थिक क्षेत्रमा उद्योगको स्थापना गर्ने अनुमतिपत्रको लागि दिईने निवेदन

श्री कार्यकारी निर्देशक,
विशेष आर्थिक क्षेत्र प्राधिकरण,
त्रिपुरेश्वर, काठमाण्डौं ।

**विषय:- विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाका लागि अनुमतिपत्र पाउँ।**

महोदय,

मैले/हामीले ...............................ठाउँमा अवस्थित विशेष आर्थिक क्षेत्र भित्र देहाय बमोजिमको उद्योग स्थापना गर्न चाहेकोले यो निवेदन गरेको छु/छौं ।

१. उद्योगको वर्गीकरण :
२. उद्योगको उद्देश्य :
३. उद्योगमा हुने लगानीको श्रोत :

| क्र.स. | स्वलगानी | | ऋण लगानी | | जम्मा |
|---|---|---|---|---|---|
| | स्वदेशी | विदेशी | स्वदेशी | विदेशी | |
| (क) | | | | | |
| (ख) | | | | | |

४. प्राधिकरणको सूचीमा उद्योग समावेश भए नभएको :
५. प्राधिकरणको सूचीमा समावेश नभएको उद्योग भएमा :
(क) प्रस्तावित उद्योगको प्रविधि नेपालमा भए वा नभएको,
(ख) आवश्क जनशक्ति नेपालमा उपलव्ध हुन सक्ने वा नसक्ने,
(ग) उद्योग स्थापन भएपछि सिर्जना हुने रोजगारीको अवसर सम्बन्धी विवरण,
(घ) उद्योगमा नेपाली कच्चा पदार्थ तथा स्थानीय सीपको प्रयोग सम्बन्धी कुरा,
६. संलग्न कागजातहरु :
(क) स्थापना गरिने उद्योगको सम्बन्धमा दुई पृष्ठमा नबढ्ने गरी तयार पारिएको सारांश,
(ख) लगानीकर्ता प्राकृतिक व्यक्ति भएमा नेपाली लगानीकर्ताको हकमा निजको नागरिकता प्रमाणपत्र र विदेशी लगानीकर्ताको हकमा राहदानीको प्रतिलिपि,
(ग) लगानीकर्ता संगठित संस्था भएमा अनुमतिपत्रको लागि निवेदन दिने अधिकार दिइएको आधिकारिक निर्णय, त्यस्तो संगठित संस्थाको दर्ताको प्रमाणपत्र, संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,
(घ) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा कुनै व्यक्तिलाई अख्तियारी प्रदान गरिएको भए निजको नाममा जारी गरिएको अख्तियारनामाको प्रतिलिपि,
(ङ) लगानीकर्ता प्राकृतिक व्यक्ति भए निजको व्यक्तिगत विवरण र लगानीकर्ता संगठित संस्था भए सोको प्रोफाइल,
(च) निजी क्षेत्रबाट स्थापना, सञ्चालन र व्यवस्थापन भएको विशेष आर्थिक क्षेत्रमा स्थापना गर्ने उद्योग भए स्वीकृतपत्र प्राप्त गर्ने व्यक्तिको सिफारिस पत्र,
७. माथि उल्लेखित व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।

निवेदकको,-
दस्तखत:
नाम:
पद:
ठेगाना:
टेलिफोन नं.:
मिति:
इमेल:

द्रष्टव्य: विदेशमा जारी भएका कागजातको फोटोकपिको हकमा सम्बन्धित विदेशी मुलुकको कानून बमोजिम नोटरीबाट प्रमाणित गरिएको हुनु पर्नेछ ।